स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री पूजा शर्माको प्रस्तुतिमा तयार हुन लागेको फिल्म "रत्यौली" को प्रदर्शन मिति तय गरिएको छ। यो फिल्म फागुनको २१ गतेबाट विश्वव्यापी रुपमा रिलिज हुने निर्माणपक्षले जनाएको छ। सुरज आचार्यको निर्माणमा तयार हुने फिल्मलाई मुस्कान ढकालले निर्देशन गर्दैछन्। यो फिल्ममा अभिनेता विजय बराल र पूजा फाइनल भइसकेका छन्। फिल्मको पोष्टर सार्वजनिक भएसँगै यसले चर्चा पाएको थियो।

आजको विचार...



नेपालको... (दुई पेजमा)

मेघनाथ दाहाल



अभिनेता जितु नेपालको मुख्य भूमिका रहेको फिल्म "आइएम जीतबहादुर" ले बक्स अफिसमा राम्रो व्यवसाय गर्न सकेन। फिल्मले पहिलो साता ३१ लाख मात्र व्यवसाय गर्न सफल भएको हो। चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको आइतबार रातीसम्मको बक्स अफिस रिपोटमा फिल्मको आम्दानी ३१ लाख ७ हजार ६९२ रहेको छ। भारतीय बङ्गाली निर्देशक सुभेन्दु घोषको कथा तथा निर्देशनमा बनेको फिल्ममा जितुको अलवा वर्षा राउत, प्रियङ्का कार्की, सन्दीप क्षेत्री लगायत कलाकारहरुको अभिनय छ।

❒ वर्ष ३१ ❒ अंक ३३२ ❒ २०८३ असार १६ गते मंगलबार 30 June 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा हराउँदै 'असारे भाका'

***धान रोप्दा गाइने असारे गीत रोपाइँमा दिनभर थाकेको बाउसे र रोपाराहरू एकअर्कामा हिलो छ्यापछ्याप गरी गीत गाउँदै दुःख कष्ट र थकाइ बिर्सिने गर्दथे । खेतका गह्रा, खोलानाला र खहरेबाट झरेको पानीको छड्छड आवाजसँगै असारे भाका गाउँदा सुन्नेहरू पनि लठ्ठ पर्ने गर्दथे । तर ती दिनहरू अब इतिहास नै बनेका छन् ।***

**रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा),** असार १५/तानसेन दमकडाकी ७० वर्षीया भुनु नेपाललाई अहिले धान रोप्दै गाउने गरेका असारभाकाको याद आउँछ । उनी आफैंलाई पनि नाच्ने, गाउने र रमाइलो गर्ने गरेको सम्झना ताजै छ । "उहिले मनोरञ्जनका साधन केही थिएनन्," उनले भन्नुभयो, "त्यही भएर केटाकेटी, अधबैंसे, बूढापाका सबै यस्तै गीत गाएर रमाइलो गर्थे ।"

'मज्जाले हिलोमा छुपुछुपु खेल्दै र धान रोप्दै अनि दही चिउरा खाँदै हामी असार पन्मा रमाइलो गर्थ्यौं', नेपालले पुराना दिनहरु सम्झदै भनिन् "खेतको आलीमा सबैजना बस्थ्यौं, घरबाट ल्याइएको दही र चिउरालाई नाग नागिनी र देवतालाई चढाएर खाने गरिन्थ्यो । असार पन्ध्र गते धान रोपेर थकित भएपछि खेतको डिलमा बसी आलुको अचारसँगै दही चिउरा खाएर लय हालेर असारे गीत गाउँदाको रौनक कम्ती रमाइलो हुँदैनथ्यो ।" हिजो आज भने पुराना भाकाहरु सुन्न छोडिएको



तस्वीर : प्रकाश नेपाल

नेपाल बताउन्छिन् । बाल्यकाललाई सम्झदै उनले असारे गीत गुनगुनाइन-

***छुपुमा छुपु हिलोमा धान रोपेरै छाडौंला***
***बनाई कुलो लगाई पानी आएर गोडौंला ।।***
***'असारे मासको दलदले हिलो छुनलाई घिन लाग्यो,***
***पातली नानीलाई फरिया किन्दा छ बिस ऋण लाग्यो'***

पूर्वखोलाका मनबहादुर विकलाई पनि असार १५ गते बाउसे गर्न जाँदा रोपारा दिदी बहिनीहरुले असारे भाका हालेर गित गाएको क्षण ताजै छ । "धान रोप्दै लय हालेर असारे गीत गाउँदाको आनन्द छुट्टै हुन्थ्यो" उनले भने । अहिले ति हराउँदै जाँदा चिन्ता लागेको विकले बताए । यि त केही उदाहरण मात्र हुन् । पछिल्लो समयमा असारे भाकाहरु गुञ्जिन छोडेका छन् । अहिलेका असारे भाका कमैले मात्र गाउँछन् । पहिले-पहिले रोपाइँ हुने घरमा अघिल्लो दिनदेखि नै बाजागाजाको जोडजाम हुन्थ्यो । रोपाइँमा गाइने असारे भाकाको बेग्लै मिठास गुञ्जिन्थ्यो । तर समयक्रमसँगै रोपाइँ गीत हराएका छन् । रोपाहारका रूपमा लहरै खेत रोपिरहेका महिला, खेत जोत्ने हली, बाउसे र आली ताछ्ने युवाहरू सबै मिलेर असारे भाका गाउने चलन थियो । गीत गाउँदै, एकअर्कामा हिलो छ्याप्दै जुहारी खेल्दै गरिएको रोपाइँ निकै रमाइलो हुन्थ्यो । तर हिजो आज आधुनिकतासँगै असारे मौलिक गीतका ति भाकाहरु विस्तारै हराउँदै जाँदा पुराना पुस्ताहरु भने चिन्तित छन् । यति बेला पाल्पाका फाँटहरुमा धान रोपाइँ भइरहेको छ तर असारमा गाईने ति मौलिक पुराना भाकाहरु भने खासै सुनिएनन् ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### फ्रान्समा गर्मीका कारण एक हजार जनाको मृत्यु

**(रासस/एएफपी)**

**पेरिस,** असार १५/पश्चिमी युरोपको ठूलो भागमा उष्ण लहरका कारण अपेक्षा गरिएभन्दा थप करिब एक हजार व्यक्तिको मृत्यु भएको छ । "जुन २४ देखि अघिल्ला महिनाहरूमा रेकर्ड भएका मृत्युको तुलनामा अनुमानित आँकडा करिब एक हजार अतिरिक्त मृत्यु देखिएको छ," पब्लिक हेल्थ फ्रान्सले जारी गरेको एक विज्ञप्तिमा भनिएको छ । पब्लिक हेल्थ फ्रान्सले जोखिमको चेतावनी घोषणा गरिएका क्षेत्रहरू सबैभन्दा बढी प्रभावित भएको र यस गर्मीका कारण हुने कुल मृत्युमध्ये ८५ प्रतिशत ६५ वर्ष वा योभन्दा माथिका व्यक्तिहरू रहेको जनाएको छ । स्वास्थ्य निकायका अनुसार विशेष गरी पेरिस र यसका उपनगरहरू समावेश इल-दे-फ्रान्स क्षेत्रमा सबैभन्दा बढी मृत्यु घरमा नै रहेका समय भएको हो । "यो तथ्याङ्कले एक्लो जीवन बिताइरहेका वा गम्भीर एकान्तमा रहेका विशेष गरी अत्यधिक शहरी क्षेत्रहरूमा रहेका उनीहरूप्रति एकताको भावनाका साथ सहयोगी उपायहरू आवश्यक रहेको सम्झना गराउँछ," विज्ञप्तिमा उल्लेख छ । स्वास्थ्य क्षेत्रको यी आँकडाहरू प्रारम्भिक रहेको र वास्तविक सङ्ख्या अझ बढी हुन सक्ने बताइएको छ । फ्रान्सका धेरै क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको तातो दिनहरूपछि सोमबार भने फ्रान्सभर औसतमा केही कम गर्मी भएको छ ।

**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

-मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
-नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
-भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
-स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
-खोक्दा वा हाछ्यूँ गर्दा मुख-नाक छोपौं,
-घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
-ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,
स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# आकासे पानीमा निर्भर गुल्मीका किसान चिन्तित



**गुल्मी,** असार १५/जिल्लामा अधिकांश खेत आकासेपानीमा निर्भर भएका कारण कृषकलाई धान रोपाइँमा समस्या परेको छ । जिल्लामा यस वर्ष हालसम्म ११ प्रतिशत मात्रै धान रोपाइँ भएको छ ।

कृषि ज्ञान केन्द्र गुल्मीका सूचना अधिकारी टीकाकाम न्यौपानेका अनुसार आइतबारसम्म ७१९.५१ हेक्टरअर्थात् ११ प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ । यस वर्ष धानखेती हुने अनुमान गरिएको ६ हजार ५४१ हेक्टर क्षेत्रफलमध्ये राष्ट्रिय धान दिवस मनाइँदै गर्दा जिल्लाका अधिकांश खेत अझै बाँझै छन् । कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नरेश धितालले पर्याप्त वर्षा नहुँदा पानीको अभावले यस वर्ष धान रोपाइँ प्रभावित भएको बताए । उनका अनुसार, जिल्लाका अधिकांश ठूला फाँटहरुमा पानीको अभावका कारण रोपाइँ हुन सकेको छैन । वर्षा भएपछि मात्र रोपाइँले गति लिनेछ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मनसुन सक्रिय : विपद् तयारीमा जुटौं

**मुलुकमा मनसुन क्रमशः सक्रिय हुँदै गएको छ । अहिले देशका अधिकांश भागमा वर्षा भइरहेको छ । केही दिन अघिसम्म अत्यधिक गर्मीका कारण जनजीवन कष्टकर बन्दै गएकोमा अहिले मनसुनको आगमनसँगै तापक्रममा केही कमी आउन थालेको छ । वर्षाले सर्वसाधारणले राहतको अनुभूति गरे यससँगै बाढी, पहिरो, डुबान, चट्याङ तथा अन्य प्राकृतिक विपद्को जोखिम भने बढेर गएको छ । त्यसैले मनसुनको स्वागतसँगै सम्भावित विपद्को सामना गर्न राज्य र नागरिक दुवै पक्ष सचेत एवं तयारी अवस्थामा रहनु आवश्यक छ । मौसम पूर्वानुमान महाशाखाले वर्षाका कारण भू-क्षय, बाढी, पहिरो तथा गेग्र्यान बहावको जोखिम बढ्न सक्ने, सहरी तथा तराई क्षेत्रमा डुबान हुन सक्ने, ठूलासाना नदीखोलामा पानीको सतह बढ्न सक्ने भएकाले सतर्कता अपनाउन अनुरोध समेत गरेको छ ।**

**चिन्ताको विषय के हो भने, नेपालमा हरेक वर्ष मनसुनजन्य विपद्ले ठूलो धनजनको क्षति पुऱ्याउने गरेको छ । बाढी र पहिरोका कारण सयौं परिवार विस्थापित हुने, सडक अवरुद्ध हुने, विद्युत् तथा सञ्चार सेवा प्रभावित हुने र मानवजीवन नै जोखिममा पर्ने गरेको विगतका अनुभव छन् । तर यस्ता घटनाबाट पाठ सिकेर दीर्घकालीन तयारी गर्ने काम भने अझै प्रभावकारी बन्न सकेको छैन । प्राकृतिक विपद् बाजा बजाएर आउँदैन । यो कति बेला आउन्छ भन्ने कुनै पूर्व अनुमान गर्न सकिदैन । तथापी विपद् प्रतिकार्य योजना बनाएर तयारी अवस्थामा रहने हो भने विपद्बाट हुन सक्ने क्षतिबाट केही हदसम्म बच्न भने सकिन्छ । सरकारले विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वतयारीलाई उच्च प्राथमिकतामा राख्नुपर्छ । जोखिमयुक्त बस्तीको पहिचान, सम्भावित पहिरो तथा बाढी प्रभावित क्षेत्रमा निगरानी, उद्धार सामग्रीको व्यवस्थापन, सुरक्षा निकायको तयारी तथा स्थानीय तहसँगको समन्वयलाई बलियो बनाउन आवश्यक छ । विपद् आइपरेपछि मात्र सक्रिय हुने प्रवृत्तिले क्षति बढाउने भएकाले पूर्वतयारीमै विशेष ध्यान दिनुपर्छ । स्थानीय सरकारहरू पनि उत्तिकै जिम्मेवार बन्नुपर्छ । नदीकिनार, पहिरोको उच्च जोखिम भएका क्षेत्र तथा अव्यवस्थित बस्तीहरूमा विशेष सतर्कता अपनाउनुपर्छ । त्यसैले अब सरकार, निजी क्षेत्र र नागरिक सबैले मिलेर मनसुनजन्य विपद्को तयारी आजैबाट सुरु गर्नुपर्नेछ। समयमै गरिने तयारीले मात्रै विपद्लाई पूर्णरूपमा रोक्न नसके पनि त्यसबाट हुने क्षति अवश्य घटाउन सक्छ र यही नै अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो । तसर्थ सरकार र सम्बन्धित निकायले यसतर्फ समयमै ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

यति जिन्दगीमा ठक्कर खाएको छौ
भने घुडा टेकेर भएपनि उठ्ने हिम्मत राख्नुपर्छ ।
*(सन्तोष शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Santosh.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको वित्तीय क्षेत्रमा लगानी मागको आवश्यकता



मेघनाथ दाहाल

*नेपाली अर्थतन्त्र प्रत्यक्ष परोक्ष रूप ती अर्थतन्त्र र नीतिगत पक्षसँग जोडिएको छ । भारतको आर्थिक तथा व्यावसायिक क्षेत्रमा भएका नीतिगत परिवर्तनले मात्र नभएर भारतको आर्थिक जगतमा भएका स-साना परिवर्तनहरूले नेपालीपक्षमा ठाडो असर गरेको छ । अझ नेपाली मुद्राको सन् १९६० को दशकदेखि भारतीय मुद्रासँगको स्थिर विनिमय दरले धेरै हदसम्म नेपाली आर्थिक जगतको साँचो भारतीयहरूसँग भएको देखाउँछ । यसको अर्थ के नलागोस् भने नेपालले अहिल्यै परिवर्तनशील विनिमय दर सञ्चालन गर्ने हिम्मत राख्नसक्छ । आर्थिक वर्ष २०८२/०८३ को ११ महिनाको आँकडाले २० वटा वाणिज्य बैंकहरूमा जम्मा भएको गैरबैंकिङ सम्पत्तिको रकम ५० अर्ब पुगेको छ । गैरवित्तीय सम्पत्तिको जम्मा हुनु आफैंमा अर्थतन्त्रका लागि राम्रो संकेत होइन । यसले प्रत्यक्ष रूपमा लगानि विस्तारभन्दा वित्तीय क्षेत्रले आफ्नो लगानीको सुरक्षामा खतरा भएको महसुस गर्न थाल्यो । सर्वसाधारणको विश्वासले वित्तीय संस्थामा जम्मा भएको रकमको सुरक्षा पनि बैंकहरूको एउटा मुख्य दायित्व हो । एकातिर लगानी भएको रकमको भुक्तानी भइरहेको देखिएन भने साथमा नयाँ परियोजनाको छनौट एवं लगानीमा समस्या देखिँदा अर्थतन्त्र समस्यामा देखियो । सात प्रतिशतको वार्षिक वृद्धिदरका लागि व्यावसायिक लगानीको विस्तार २० प्रतिशत भन्दा माथि आवश्यक देखिन्छ । व्यावसायिक लगानीको माग हुने क्षेत्रहरूमा उत्पादन, सेवा, जलविद्युत, होटल तथा अन्य सेवा क्षेत्र छन् ।*

संवैधानिक व्यवस्था अनुरूप निर्वाचनको परिणामपछि सरकार गठन भएको तीन महिना पूरा भएको छ । सरकारले नीति तथा कार्यक्रम एवं वार्षिक बजेट पनि ल्याएको छ । साथमा रास्वपा सरकार आफैंले आन्तरिक तथा बाह्य सम्बन्धको विस्तार गर्न भ्याएको छ । वस्तुतः सन् २०१९ को कोभिडपछि नेपालको अर्थतन्त्रले सही दिशा लिन नसकेको हो तर यस अवस्थालाई जसरी भए पनि चिर्नुको विकल्प छैन । कोभिडपछि विश्वका सबल तथा कमजोर सबै खालका अर्थतन्त्रहरूले आ-आफ्नो तयारी राम्रो गरेका कारण उनीहरूको अर्थतन्त्रले बाटो समाउन सक्यो । साथमा आर्थिक गतिविधिहरूले साथ दिएकै हो तर नेपालमा भने कहींकतै समस्या भएकै हो । कोभिडपछि केही समयसम्म नेकपा एमाले र कांग्रेसको राजनीतिले सत्तामा राज गऱ्यो तर सोपछि राजनीतिक रूपमा नेपालमा निकै नयाँ तर अकल्पनीय रूपमा नयाँ राजनीतिक शक्ति सत्तामा उदाएको छ । यद्यपि निर्वाचनले नयाँ राजनीतिक शक्तिको अनुमोदन गरिसकेको अवस्थामा उसका नीतिगत तथा व्यावहारिक क्रियाकलापको साथमा मुलुकले कसरी आर्थिक पक्षमा अघि लैजान्छ भन्नेले नै अबको राजनीतिलाई डोहोऱ्याउँछ । आर्थिक रूपमा सरकारको मुख्य जिम्मेवारी बैंक तथा वित्तीय क्षेत्रमा थुप्रिएको १६ खर्बभन्दा माथिको लगानीयोग्य रकमको परिचालन हो । आवश्यक नीतिगत सुधार, कार्यक्रमको तर्जुमा कार्यान्वयन रहेको छ ।

प्रत्येक वर्षको बजेटमा पूर्वाधारमा ठूलो बजेट खन्याउने तर काम नभइरहेको देखिन्छ । अबको सरकारले पनि आर्थिक तथा व्यावसायिक क्षेत्रमा विद्यमान संकुचनलाई विस्तारमा परिवर्तन गर्नसकेन भने यसको पनि भविष्य नेपालीहरूले देख्न छोड्नेछन् । विश्वमा एकाएक देखापरेको अमेरिका-इरानबीचको युद्धले सिर्जना भएको सामुद्रिक मार्गमा आएको अवरोधले सबै आर्थिक क्षेत्र थिचिएका छन् । पेट्रोलियम पदार्थहरूको निर्वाध आयातमा भएको अवरोधले बजारमा आधारित उत्पादन, उपभोग, विनिमय तथा वितरण नाफालगायतका समग्र व्यावसायिक क्षेत्रमा नकारात्मकता भरिएको छ । एक्काइसौं शताब्दीको विश्व परिवेश एकअर्कासँग जोडिएर रहेकाले एक सानो उतारचडाबबाट सबै क्षेत्र प्रभावित बन्नजाने सम्भावना छ । विगत तीन दशकमा विश्वमा उदाएको अति उदारीकरणले बहुराष्ट्रिय कम्पनीहरूको बोलवाला तथा तिनका यावत् उत्पादनका च्यानल साना, सीमान्तीकृत उत्पादनमा ठूलो बज्रपात परेको छ । यसको मारमा स्वयं लगानीकर्ता थिए । नेपाली अर्थतन्त्र प्रत्यक्ष परोक्ष रूप ती अर्थतन्त्र र नीतिगत पक्षसँग जोडिएको छ । भारतको आर्थिक तथा व्यावसायिक क्षेत्रमा भएका नीतिगत परिवर्तनले मात्र नभएर भारतको आर्थिक जगतमा भएका स-साना परिवर्तनहरूले नेपालीपक्षमा ठाडो असर गरेको छ । अझ नेपाली मुद्राको सन् १९६० को दशकदेखि भारतीय मुद्रासँगको स्थिर विनिमय दरले धेरै हदसम्म नेपाली आर्थिक जगतको साँचो भारतीयहरूसँग भएको देखाउँछ । यसको अर्थ के नलागोस् भने नेपालले अहिल्यै परिवर्तनशील विनिमय दर सञ्चालन गर्ने हिम्मत राख्नसक्छ । आर्थिक वर्ष २०८२/०८३ को ११ महिनाको आँकडाले २० वटा वाणिज्य बैंकहरूमा जम्मा भएको गैरबैंकिङ सम्पत्तिको रकम ५० अर्ब पुगेको छ । गैरवित्तीय सम्पत्तिको जम्मा हुनु आफैंमा अर्थतन्त्रका लागि राम्रो संकेत होइन । यसले प्रत्यक्ष रूपमा लगानि विस्तारभन्दा वित्तीय क्षेत्रले आफ्नो लगानीको सुरक्षामा खतरा भएको महसुस गर्न थाल्यो । सर्वसाधारणको विश्वासले वित्तीय संस्थामा जम्मा भएको रकमको सुरक्षा पनि बैंकहरूको एउटा मुख्य दायित्व हो । एकातिर लगानी भएको रकमको भुक्तानी भइरहेको देखिएन भने साथमा नयाँ परियोजनाको छनौट एवं लगानीमा समस्या देखिँदा अर्थतन्त्र समस्यामा देखियो । सरकारले बजेटमा स्पष्ट रूपमा ७ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिएको छ तर लगानीको अवस्था दयनीय देखिएकाले सरकारको लक्ष्यमा पुग्न कठिन देखिन्छ । सात प्रतिशतको वार्षिक वृद्धिदरका लागि व्यावसायिक लगानीको विस्तार २० प्रतिशत भन्दा माथि आवश्यक देखिन्छ । व्यावसायिक लगानीको माग हुने क्षेत्रहरूमा उत्पादन, सेवा, जलविद्युत, होटल तथा अन्य सेवा क्षेत्र छन् । उत्पादनका क्षेत्रहरूमा सिमेन्ट, डण्डीलगायत उपभोग्य वस्तुहरूको सम्भावना छ तर दैनिक उपभोग्य वस्तु भारत तथा तेस्रो मुलुकबाट गरिएको आयातमा निर्भर छ । आन्तरिक बजारमा लगानीको उपयुक्त वातावरण हुँदाहुँदै आशातित लगानी भएको छैन । केही दशक नेपाली राजनीति निकै अस्तव्यस्त रूपमा अघि बढ्यो । दलहरूबीचमा कुनै बाहनाले देशनिर्माणभन्दा आफ्नै दल, गुट तथा समूहमा रमाउँदा नेपालीको आर्थिकले समयसापेक्ष गुणात्मक फट्को मार्न नसकेकै हो । अझ संसद्मा उपस्थित दलहरूमध्ये कम्युनिष्ट भन्न रुचाउनेहरूको नजरमा बजार तथा बजार नीतिका यावत पक्ष मन नपर्ने विषय हुन पुगे । कांग्रेस, राप्रपालगायत बजारको व्यवहारसँग सहमति राख्ने दलहरू अरूहरूकै पुच्छर बन्न जाँदा समस्या समाधानतिर भन्दा अझ बल्झिँदै गयो । सानो स्तरको व्यावसायीकरण त सुरुवात भयो तर यसले नेपाली समाजको मौलिक व्यावसायीकरणको समस्या समाधानतिर जानसकेन । यदि यसो हुनसकेको भए १६ खर्बभन्दा माथि लगानीयोग्य रकम वित्तीय संस्थाहरूमा थुप्रिने थिएन । व्यावसायिक जगतका धेरै निर्धारक तत्वहरूको हकमा कागजी रूपमा भने सहज देखिन्छ तर व्यावहारिक रूपमा भने अफ्ठ्याराहरूको चाँङ देखिन्छ । कच्चा पदार्थ, प्रविधि, उत्पादन, बजार, बजारीकरण, मूल्य तथा प्रतिफलको सुरक्षा एवं पुनर्लगानी जस्ता पक्षमा नेपाली अर्थतन्त्रमा आजका दिनमा धेरै समस्या छन् । सरकारका नीतिगत पक्ष तथा कानुनी जटिलताका बारेमा व्याववसायिक जगत पूर्णरूपमा विश्वस्त भएको छैन । वित्तीय क्षेत्रमा ठूलो लगानीयोग्य रकम भएको हल्ला गरिन्छ तर अझसम्म परियोजनामा आधारित व्यावसायिक ऋणको व्यवस्था नेपाल सरकारको नीतिगत विषयमा परेको छैन ।

वित्तीय क्षेत्रले परियोजनामा आधारित ऋणका लागि सरकारले व्यावसायिक लगानिको पुनर्वीमाको शर्त अघि सारेको पाइन्छ । मुख्यकारण सर्वसाधारणहरूको निक्षेपको सुरक्षा वित्तीय क्षेत्रको जिम्मेवारी हो । कृषिक्षेत्रमा अनुदानको नाममा विनियोजित ठूलो धनराशिका बारेमा बजारमा आएका विषयमा सरकार स्वयं खोजबिन गर्न चाहँदैन । किनभने अनुदान पाउने व्यक्ति तथा समूहको सरकारसँगको सहज पहुँच तथा कर्मचारीहरूको सहयोगमा मात्र वितरणको सम्भावना हुन्छ । समग्र आर्थिक क्षेत्रको संरचनात्मक परिवर्तनका लागि कृषिको व्यावसायीकरण र पर्यटन क्षेत्रको दिगो विकास नै महत्त्वपूर्ण सम्भावना हो । सबैले होस्टेमा हैंसे गर्नैपर्छ । सरकारको नीतिकार्यक्रम तथा मौद्रिक नीतिहरूको साथमा आममानिसको विश्वास जरुरत हुन्छ । पछिल्लो समय नेपालका बैंक तथा वित्तीय संस्थामा देखिएको एक किसिमको अफ्ठ्यारोपनले चिन्तित बनाएको छ । व्यावसायिक लगानीको समयमा भुक्तानी हुन नसकेर गैरबैंकिङ सम्पत्तिको ओइरोका कारण एकातिर संस्थाहरूमा क्यास फ्लोमा समस्या छ भने साथमा व्यवसायी र बैंकहरूको सम्बन्धमा दरार आएको छ । एकै समय हजारौंको संख्यामा कालोसूचीमा व्यवसायीहरूको नामावली निकाल्नुले व्यावसायिक वातावरणमा खलल पुऱ्याउँछ नै । साथमा लगानी तथा उत्पादनका विषयमा नकारात्मकता देखिनसक्छ । सरकारले यस किसिमका गतिविधिहरूमाथि उपयुक्त नीतिगत तयारी गर्नुपर्छ । मुलुकले चाहेको राजनीतिक स्थिरताको साथमा आर्थिक तथा सामाजिक रूपान्तरण नै हो । यसलाई पूरा गर्ने बाटोमा जानका निमित्त सत्तापक्षीय नेताहरूको काम गराइ र बोलाइमा एकरूपता, विधिसम्मत एवं कानुनी राजको सीमाभित्र रहेर गर्नुपर्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ। छरछिमेकीसँगको मनमुटाव सुल्झिनेछ।
**वृष** : धेरै नबोल्दा राम्रो होला। मित्रहरूसँगको भेटघाटले मन प्रशन्न रहनेछ।
**मिथुन** : व्यापारबाट लाभ मिल्नेछ। सानो परिवर्तनले पनि ठूलो कार्य सम्पादन हुनेछ।
**कर्कट** : घरको सजावटमा धन खर्च हुनेछ। ऋण लिनमा सफलता मिल्नेछ।
**सिंह** : लक्ष्य प्राप्तिको लागि संघर्ष गर्नुपर्ला। उल्झेको कार्यहरु सुल्झिनेछ।
**कन्या** : सहकारी र वित्तीय मामिलाहरूमा गम्भीर विचार गरेर निर्णय लिनुहोला।
**तुला** : कारोबारमा थप लगानी लगाउनको लागि उपयुक्त समयको विचार गर्नुहोस्।
**वृश्चिक** : आफ्नो सिद्धान्तलाई नत्याग्नुहोला। आर्थिक पक्ष राम्रो रहनेछ।
**धनु** : घरपरिवारमा धार्मिक कार्यक्रममा सहभागी हुनाले मन प्रसन्न रहनेछ।
**मकर** : घरमा आन्तरिक कलह रहनेछ। जमिनबाट राम्रो लाभ आर्जन गर्न सकिनेछ।
**कुम्भ** : पेशामा पदोन्नतिमा सहायक हुनेछ। समाजमा नयाँ जिम्मेवारी मिल्ला।
**मीन** : मौसमी बिमारीबाट जोगिनुहोस्। अँटिको कार्य सम्पादन गर्न सफलता मिल्नेछ।

## विज्ञान/सूचना प्रविधि

# चल्दा चल्दैको फोन किन हुन्छ ह्याङ ?



तपाईंको स्मार्टफोन बारम्बार ह्याङ भइरहेको छ, एपहरू खोल्न धेरै समय लागिरहेको छ, वा तपाईंको फोन अचानक फ्रिज भएको छ भने, यो केवल फोन पुरानो भएर मात्र हुँदैन । स्मार्टफोन ह्याङ हुनु एउटा सामान्य समस्या हो, विशेष गरी पुराना उपकरणहरूमा ह्याङ भइरहन्छन् । फोन ह्याङ भएपछि कल गर्न, म्यासेज पठाउन वा एपहरू प्रयोग गर्न गाह्रो हुन्छ । आपत्कालीन समयमा यो समस्या झन् बढ्न सक्छ । आजको यस लेखमा हामी फोन ह्याङ हुनुको सबैभन्दा ठुलो कारण र त्यसलाई समाधान गर्ने सजिलो तरिकाहरूबारे कुराकानी गर्नेछौं ।

**स्टोरेज भरिँदा** : जब फोनको आन्तरिक भण्डारण लगभग भरिन्छ, तब उपकरणलाई नयाँ डेटा व्यवस्थापन गर्न र एपहरू राम्ररी चलाउन गाह्रो हुन्छ । यस्तो अवस्थामा, फोन पहिले त स्लो हुन्छ र त्यसपछि प्राय: ह्याङ हुन्छ ।

**स्टोरेज खाली राख्नु हुनेछ फाइदा**

तपाईंको फोनको स्पिड सुस्त भइरहेको छ भने, पहिले यसमा भएका अनावश्यक फाइलहरू हटाउनुहोस् । डुप्लिकेट तस्बिरहरू, बेकारका भिडियोहरू, अनावश्यक डाउनलोड गरिएका कागजातहरू, र लामो समयदेखि प्रयोग नगरिएका एपहरू मेटाउनाले भण्डारण खाली हुनेछ र तपाईंको फोनलाई राम्रोसँग काम गर्नेछ ।

**पृष्ठभूमिमा चलिरहेका एपहरू:** धेरै एपहरू बन्द गरेपछि पनि, तिनीहरू पूर्ण रूपमा बन्द हुँदैनन् । पृष्ठभूमिमा तिनीहरू चलिरहन्छन् र्याम र ब्याट्री खर्च गरिरहन्छन् । पृष्ठभूमिमा चल्ने अत्यधिक गतिविधिले फोनको कार्यसम्पादनलाई असर गर्न सक्छ ।

**पृष्ठभूमि गतिविधिलाई नियन्त्रण गर्ने :** जब एकैसाथ धेरै एपहरू पृष्ठभूमिमा चलिरहेका हुन्छन् र प्रयोगकर्ताले भारी एपहरू वा मल्टिटास्किङ प्रयोग गरिरहेको हुन्छ, यसले प्रोसेसरमा अतिरिक्त भार पार्छ । यसले फोनको सिस्टमलाई सबै कार्यहरू ह्यान्डल गर्न गाह्रो बनाउँछ र फोन ह्याङ हुने जोखिम बढाउँछ । तपाईं आफ्नो फोनको सेटिङहरूमा एपहरूको पृष्ठभूमि गतिविधि सीमित गर्न सक्नुहुन्छ । कम आवश्यक एपहरूको लागि पृष्ठभूमि अनुमतिहरू असक्षम गर्नाले र्याम र प्रोसेसरमा तनाव कम हुन्छ ।

**हार्डवेयरको खराबी :** पुराना स्मार्टफोनहरूमा ब्याट्री, स्क्रिन, वा अन्य हार्डवेयर कम्पोनेन्टहरू समयसँगै कमजोर हुन सक्छन् । यसले उपकरणको कार्यसम्पादनलाई प्रत्यक्ष रूपमा असर गर्छ, जसले गर्दा यो स्लो हुन्छ वा ह्याङ हुन्छ । यदि ब्याट्रीले राम्रोसँग पावर आपूर्ति गर्न सकेन भने, फोनको कार्यसम्पादनमा असर पर्न सक्छ । यसबाहेक, यदि फोन खस्यो, चिसो पस्यो वा यसको आन्तरिक कनेक्सन र तारहरू प्रभावित भए भने उपकरणको स्पिड पनि घट्न सक्छ ।

**फोन कहिले मर्मत गर्ने र कहिले बदल्ने ?**

हार्डवेयरसँग सम्बन्धी समस्यालाई रिपेयर गरेर फोनका केही समस्यालाई समाधान गर्न सकिन्छ । तर, फोन धेरपुरानो छ र लगातार कार्यसम्पादन समस्याहरू अनुभव गरिरहेको छ भने, नयाँ उपकरण खरिद गर्नु अझ सुविधाजनक र कुशल विकल्प हुन सक्छ ।

*-रातोपाटी डटकम*

# एआईमा सामसुङको विशाल लगानी




कृत्रिम बौद्धिकता (एआई) प्रविधिको तीव्र विस्तारसँगै दक्षिण कोरियाको सामसुङ इलेक्ट्रोनिक्सले देशकै इतिहासमा सबैभन्दा ठूलो लगानी योजना सार्वजनिक गर्ने तयारी गरेको छ । स्थानीय सञ्चारमाध्यमहरूका अनुसार सामसुङले आगामी हप्ता करिब १० हजार खर्ब वन (करिब छ खर्ब ५० अर्ब अमेरिकी डलर) बराबरको दीर्घकालीन लगानी योजना घोषणा गर्ने तयारी गरेको छ । यो लगानी योजना राष्ट्रपति ली जे म्युङको राजधानी सियोल बाहिरका क्षेत्रहरूमा औद्योगिक विकास विस्तार गर्ने नीतिसँग पनि जोडिएको छ । राष्ट्रपति लीले सोमबार आयोजना गर्ने 'नेसनल मेगा प्रोजेक्ट' कार्यक्रममा सामसुङले आफ्नो नयाँ लगानी रणनीति सार्वजनिक गर्ने अपेक्षा गरिएको छ । प्रतिस्पर्धी चिप निर्माता एसके हाइनिक्सले पनि सोही कार्यक्रममा आफ्नो लगानी योजना घोषणा गर्ने सम्भावना रहेको छ । दुवै कम्पनी कृत्रिम बौद्धिकतामा प्रयोग हुने उन्नत मेमोरी चिप उत्पादनमा विश्वका अग्रणी कम्पनी मानिन्छन् । डाटा सेन्टर, च्याटबोट, इमेज जेनेरेटर तथा अन्य एआई प्रविधिको माग तीव्र रूपमा बढ्दै गएपछि सेमिकन्डक्टर उद्योगमा ठूलो लगानी आकर्षित भएको छ । एआईको विस्तारले सामसुङ र एसके हाइनिक्स दुवै कम्पनीको नाफा र सेयर मूल्यमा उल्लेखनीय वृद्धि गराएको छ । स्थानीय सञ्चारमाध्यमहरूका अनुसार सामसुङको प्रस्तावित प्याकेजअन्तर्गत दक्षिणपश्चिमी दक्षिण कोरियामा नयाँ सेमिकन्डक्टर कम्प्लेक्स निर्माणका लागि करिब तीन लाख अर्ब वन लगानी गरिनेछ । प्रविधि क्षेत्रमा तुलनात्मक रूपमा पछाडि परेका क्षेत्रहरूमा औद्योगिक विकास विस्तार गर्ने लक्ष्य राखिएको छ । माइल बिजनेस न्युजपेपरका अनुसार योङ्गिनमा छवटा चिप उत्पादन केन्द्र निर्माणका लागि करिब ६ सय खर्ब वन विनियोजन गरिनेछ भने डाटा सेन्टर र एआई पूर्वाधार विकासका लागि करिब तीन हजार ५०० खर्ब वन लगानी गर्ने योजना रहेको छ । प्रस्तावित १० वर्षे खर्च योजना दक्षिण कोरियाको कुनै पनि निजी कम्पनीले सार्वजनिक गरेको सबैभन्दा ठूलो लगानी प्रतिबद्धता बन्नेछ । समाचारअनुसार राष्ट्रपति लीले यसै साता सामसुङका अध्यक्ष ली जे-योङसँग भेट गरी सेमिकन्डक्टर उद्योगमा लगानी विस्तारबारे छलफल गरेका थिए । उनले गत साता एसके समूहका अध्यक्ष चे ताए-विनसँग पनि भेटवार्ता गरेका थिए । सामसुङ इलेक्ट्रोनिक्सले गत वर्ष ४३६ खर्ब वन सञ्चालन नाफा कमाएको थियो । यो अघिल्लो वर्षको तुलनामा ३३ प्रतिशतले वृद्धि भएको हो । कम्पनीको नाफा आगामी वर्षहरूमा अझ तीव्र रूपमा बढ्ने अनुमान गरिएको छ । विश्लेषकहरूका अनुसार यस वर्ष कम्पनीको सञ्चालन नाफा तीन हजार खर्ब वन नाघ्न सक्ने अनुमान गरिएको छ भने आगामी वर्ष यो बढेर पाँच हजार ५०० खर्ब वनसम्म पुग्न सक्छ । राष्ट्रपतिका नीतिसम्बन्धी प्रमुख सचिव किम योङ-बीमले योङ्गिनस्थित सेमिकन्डक्टर परियोजनासम्बन्धी छलफल अन्तिम चरणमा पुगेको बताए । उनका अनुसार योजना अन्तिम भएपछि सम्बन्धित कम्पनी र सरकारी मन्त्रालयहरूले संयुक्त रूपमा जनतालाई विस्तृत जानकारी दिनेछन् । एआई प्रविधिको विश्वव्यापी प्रतिस्पर्धा तीव्र बन्दै गइरहेका बेला दक्षिण कोरियाले सेमिकन्डक्टर र कृत्रिम बौद्धिकता क्षेत्रमा आफ्नो नेतृत्व कायम राख्न अभूतपूर्व लगानीको बाटो रोजेको छ ।

*-रासस*

# सरकार आफैँ सफ्टवेयर बनाउन लागे निजी कम्पनी धराशायी हुने क्यानको दाबी



सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत केन्द्रीय सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र स्थापना गर्ने तयारीलाई लिएर सूचना प्रविधि क्षेत्रका व्यवसायीले गम्भीर चासो व्यक्त गरेका छन् । कम्प्युटर एशोसिएशन नेपाल (क्यान) महासंघले सरकारले निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नेभन्दा सहकार्यलाई प्राथमिकता दिनुपर्ने धारणा राखेको छ । सरकारले आगामी साउन महिनादेखि सञ्चालनमा ल्याउने लक्ष्यसहित स्थापना गर्न लागेको उक्त केन्द्रमार्फत देशभरका सरकारी कार्यालयका लागि आवश्यक सफ्टवेयर सरकारी संयन्त्रभित्रै विकास गर्ने योजना बनाएको छ । यसबाट वार्षिक रूपमा सफ्टवेयर खरिद र लाइसेन्समा हुने २० अर्ब रुपैयाँभन्दा बढी खर्च बचत हुने सरकारको अपेक्षा छ । तर क्यान महासंघका कार्यवाहक अध्यक्ष चिरञ्जीवी अधिकारीले सरकारको यो नीति दीर्घकालीन रूपमा लागू भए नेपालको सफ्टवेयर उद्योग र समग्र सूचना प्रविधि इकोसिस्टममा नकारात्मक असर पर्ने चेतावनी दिएका छन् । उनका अनुसार राज्यको भूमिका निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने नभई स्वदेशी सफ्टवेयर कम्पनीलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन आवश्यक वातावरण सिर्जना गर्नु हो । सरकारले अनुसन्धान, नवप्रवर्तन, प्राविधिक क्षमता विकास तथा नेपाली प्रविधिलाई विश्व बजारमा विस्तार गर्न नीतिगत सहयोग गर्नुपर्ने उनको भनाइ छ । अधिकारीले एस्टोनिया, सिङ्गापुर र भारतजस्ता सफल डिजिटल राष्ट्रको उदाहरण दिँदै ती देशले सरकारी सेवा डिजिटल बनाउने क्रममा निजी क्षेत्रसँग साझेदारीलाई प्राथमिकता दिएको बताए । खुला प्रतिस्पर्धामार्फत गुणस्तरीय सफ्टवेयर खरिद गर्ने, स्टार्टअप तथा अनुसन्धानलाई प्रोत्साहन गर्ने र स्थानीय कम्पनीलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सहयोग गर्ने नीतिका कारण ती देशको सूचना प्रविधि उद्योग विश्वस्तरमा प्रतिस्पर्धी बनेको उनले उल्लेख गरे । यदि सरकारी निकायहरूले अधिकांश सफ्टवेयर आफैं विकास गर्न थाले निजी आईटी बजार खुम्चिने, स्वदेशी कम्पनीले आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर गुमाउने र नयाँ प्रविधिमा लगानीसमेत घट्ने क्यान महासंघको निष्कर्ष छ । यसको प्रत्यक्ष असर रोजगारी र डिजिटल अर्थतन्त्रमा पर्ने अधिकारीको भनाइ छ । सरकारी परियोजनामा काम गर्ने अवसर नपाउँदा स्वदेशी कम्पनीले दक्ष जनशक्तिलाई नेपालमै टिकाइराख्न नसक्ने र युवा सफ्टवेयर डेभलपर तथा साइबर सुरक्षा विज्ञको विदेश पलायन अझ बढ्न सक्ने उनले बताए । अधिकारीले सरकारले पारदर्शी र उत्तरदायी सार्वजनिक खरिद प्रणाली लागू गर्दै सार्वजनिक-निजी साझेदारीलाई सुदृढ बनाउनुपर्नेमा जोड दिए । साथै, नेपालको आन्तरिक सफ्टवेयर बजारलाई खर्चका रूपमा नभई दीर्घकालीन लगानीका रूपमा हेर्नुपर्ने उनको धारणा छ । उनले यो विषय सरकारी सफ्टवेयर विकासको मात्र नभई नेपालको समग्र डिजिटल भविष्यसँग जोडिएको नीतिगत निर्णय भएकाले हतारमा निर्णय नगरी निजी क्षेत्र, क्यान महासंघ, उद्योगका विज्ञ, शैक्षिक संस्था तथा अन्य सरोकारवालासँग व्यापक छलफल गरेर मात्रै नीति अघि बढाउन सरकारसँग आग्रह गरे ।

*-हाम्रा कुरा डटकम*

# फेसबुकले फेरि ल्यायो 'क्रिएटर स्टुडियो' एप एआई फिचरले सघाउने




मेटा कम्पनीले आफ्नो 'फेसबुक क्रिएटर स्टुडियो' प्लेटफर्मलाई नयाँ रूपमा फिर्ता ल्याएको छ । कम्पनीले क्रिएटरहरूलाई आकर्षित गर्न यो कदम चालेको हो । नयाँ फेसबुक क्रिएटर स्टुडियोलाई एआई सुविधासहित रिडिजाइन गरिएको छ । यो प्लेटफर्मले क्रिएटरहरूको कामलाई छिटो बनाउन र फेसबुकमा उनीहरूको उपस्थिति बलियो बनाउन नयाँ अवसरहरू देखाउनेछ । मेटाका अनुसार फेसबुक क्रिएटरहरूले आफ्नो कामका लागि एउटा छुट्टै स्पेस खोजिरहेका थिए । त्यसैले कम्पनीले फेसबुकमा छिटो र थोरै मिहिनेतमा लक्ष्य पूरा गर्न सघाउने गरी यो एआई एप पुन: ल्याएको हो । यो नयाँ क्रिएटर स्टुडियोको मुख्य केन्द्र यसमा रहेको 'एआई क्रिएटर असिस्टेन्ट' टुल हो । यो एउटा च्याटबोट हो । क्रिएटरहरूले यस बोटलाई आफ्ना सामग्रीसँग सम्बन्धित प्रश्नहरू सोधेर विशेष सल्लाह लिन सक्नेछन् । यो सिस्टमले भिडियो वा पोस्टको प्रदर्शनका आधारमा व्यक्तिगत नोटहरू सेयर गर्नेछ । यसले तय गरिएका लक्ष्यहरूको प्रगति ट्र्याक गर्नेछ । यसका साथै फेसबुकका अन्य एपहरूमा कुन कुराले राम्रो काम गरिरहेको छ भन्ने हेरेर नयाँ आइडिया पनि दिनेछ । क्रिएटरहरूको आफ्नै प्रस्तुति डेटाका आधारमा उपलब्ध हुने यस्ता जानकारीहरू निकै उपयोगी हुन सक्छन् । यसका साथै मेटाले एआईबाट चल्ने कमेन्ट रिप्लाई सिफारिस फिचर पनि थपेको छ । क्रिएटरहरूले 'ड्राट रिप्लाइज' मा ट्याप गरेर यसको प्रयोग गर्न सक्छन् । यो नयाँ विकल्पले क्रिएटरकै शैली र आवाजमा तुरुन्तै कमेन्टको रिप्लाई ड्राफ्ट गरिदिनेछ । यसले समय बचाउनुका साथै फ्यानहरूसँगको सम्बन्ध बनाउन र पैसा कमाउन सघाउने मेटाको भनाइ छ । तर एआईले लेखेको रिप्लाई कत्तिको वास्तविक हुन्छ भन्ने प्रश्न पनि छ । धेरै कमेन्ट आउने क्रिएटरका लागि यो अटोमेसन उपयोगी भए पनि सामाजिक सञ्जालमा फ्यानसँगको वास्तविक सम्बन्धका लागि बोटमा मात्र भर पर्नु सही नहुन पनि सक्छ । यसअघि मेटाले जनवरी २०२३ मा आफ्नो पहिलो क्रिएटर स्टुडियो प्लेटफर्म बन्द गर्ने घोषणा गरेको थियो। त्यतिबेला कम्पनीले क्रिएटरहरूलाई 'बिजनेस सुइट' प्रयोग गर्न सल्लाह दिएको थियो । तर अहिले क्रिएटरहरूका लागि विशेष टुल, मोनेटाइजेसन र ब्रान्ड पार्टनरसिपमा बढी ध्यान दिन कम्पनीले यसलाई ब्युँताएको हो । गत डिसेम्बरमा मेटाले आफ्नो 'पार्टनरसिप एड्स हब' लाई पनि अपडेट गरेको थियो । अहिले मेटाले आफ्ना शीर्ष प्रयोगकर्ताहरूलाई एपमा लगातार पोस्ट गरिरहन प्रोत्साहन दिन र उनीहरूको इन्गेजमेन्ट बढाउन यो नयाँ प्रयास गरिरहेको छ ।

*-अनलाइन खबर डटकम*

# काँग्रेस पाल्पाले असार २० सम्म क्रियाशील सदस्यता वितरण गर्दै



**पाल्पा,** असार १५/नेपाली काँग्रेस पाल्पाले यही असार २० गतेसम्म नयाँ क्रियाशील सदस्यता वितरण कार्य थालेको छ । जिल्ला कार्यसमितिको बैंठकले केन्द्रीय समितिको परिपत्र अनुसार असार २० गतेसम्म नयाँ क्रियाशिल सदस्यता वितरण र अध्यावधिक गर्ने निर्णय गरेको हो ।

उक्त निर्णय अनुसार काँग्रेसले आइतबारदेखि क्रियाशिल सदस्यता अध्यावधिक तथा नयाँ सदस्यता वितरण अभियान तानसेनबाट सुरु गरेको छ । सोमबार भने रामपुर नगरपालिका र निस्दी गाउँपालिकामा सदस्यता वितरण अभियान प्रारम्भ गरिएको जिल्ला सभापति हिमादत्त श्रेष्ठले बताए । नयाँ क्रियाशील सदस्यता वितरण प्रक्रियामा विशेषगरी ३५ वर्षमुनिका युवाहरूको अधिकतम प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यका साथ क्रियाशिल सदस्यता वितरण थालिएको उनको भनाई छ । सभापति श्रेष्ठले भने "काँग्रेसप्रति युवाहरुको आकर्षण बढ्दो रहेको र उनीहरुको पार्टीमा प्रतिनिधत्व हुने गरी हामीले सदस्यता वितरण गर्ने निर्णय गरेका हौं ।" १८ वर्षदेखि ३५ वर्ष उमेर समूहका युवाहरुलाई नयाँ क्रियाशिल सदस्यता वितरण गरिएको उनले बताए । काँग्रेस केन्द्रीय समितिले अभियानलाई प्रभावकारी बनाउन प्रतिनिधिका रुपमा केन्द्रीय सदस्य मुना भुसाललाई पाल्पामा खटाएको छ । प्रतिनिधि भुसालले युवाहरुलाई काँग्रेसमा जोड्न देशैभर अभियान सञ्चालन गरिएको बताइन् । उनले पार्टीले दिएको जिम्मेवारी अनुसार आफुले असार २० गतेसम्म नै जिल्लामा रहेर काम गर्ने बताउँदै अभियानलाई प्रभावकारी बनाउन तहगत संरचनाहरुको सहयोग रहने अपेक्षा समेत गरिन् । जिल्ला सभापति श्रेष्ठको अध्यक्षमा बसेको बैंठकले क्रियाशिल सदस्यता अभियानसहित अन्य समसामयिक निर्णय समेत गरेको छ । बैंठकले राज्य पुर्नसंरचनाको लागि पार्टी सचिव सन्तोष थापाको संयोजकत्वमा अध्ययन अनुसन्धान समिति गठन गरेको छ । उक्त समितिले स्थानीय तहको पुर्नसंरचनाको अध्ययन, अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने छ । यस्तै बैंठकले विपद् व्यवस्थापनका लागि नेपाल तरुण दलका जिल्ला सदस्य रवि गुरुङ्गको संयोजकत्वमा १०१ सदस्यीय विपद् व्यवस्थापन समिति गठन गरेको छ । बैंठकमा काँग्रेस पाल्पाका निवर्तमान सभापति तथा लुम्बिनी प्रदेश सांसद वीरबहादुर राना, काँग्रेस प्रदेश सदस्य तथा पाल्पा क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य सन्दीप राना, जिल्ला उपसभापति झपेन्द्र गैरे, महासमिति सदस्य शोभा शाक्य, पार्टीका पूर्व जिल्ला सचिवहरु यमलाल तिमिल्सेना, माधव नेपाल,काँग्रेस क्षेत्र नं. १ का क्षेत्रिय सभापति झमनबहादुर राज मगर, क्षेत्र नं. २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, प्रदेश २ का सभापति तथा रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराई, काँग्रेस रामपुर नगर सभापति नेत्र भट्टराई, रम्भा गाउँपालिकाका सभापति ऋषिराम अर्याल लगायतले अभियानलाई सफल बनाउन सबै लाग्नु पर्ने बताएका थिए । जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, सचिव सन्तोष थापाको स्वागत, अर्का सचिव सुनिता अधिकारीको सञ्चालनमा बैंठक भएको थियो । काँग्रेसले पार्टीमा योगदान गरेका व्यक्तिहरुको रेकर्ड डिजिटल राख्ने समेत निर्णय गरेको छ ।

## पाल्पामा हराउँदै...

...असार १५ का दिन राष्ट्रिय धान दिवस मनाउन नेतादेखि कर्मचारीसम्म किसानसँगै खेतमा पुगे । सरकारी तथा गैरसरकारी संघ संस्थाले पनि रमाइलोका लागि खेतमा पुगेर रोपाइँ गरे । तर ति पुराना मौलिकतालाई भने उनीहरुले विर्सेको देखियो । यहाँका फाँटहरुमा असारे गीत असार सुरु हुनेबित्तिकै सुनिथ्यो, तर अहिले मध्य असार लागिसक्दा पनि असारे गीत नसुनिएको निस्दी मित्यालका मानबहादुर सारु बताउन्छन् । मानो खाएर मुरी उब्जाउने असार महिनामा पहिले जस्तो उल्लास आजकल पाइन छाडेको उनको भनाई छ । पहिले गाउँका सबै परिवार मिलेर एकअर्काको खेतमा पालैपालो रोपाइँ गर्ने चलन थियो । रोपाइँका क्रममा असारे गीत गाउने, मादलको तालमा नाच्ने र दिनभरको कामपछि दही-चिउरा, अचार तथा स्थानीय परिकारसँगै बसेर खाने परम्पराले रोपाइँलाई केवल कृषि कार्य नभई सामाजिक र सांस्कृतिक उत्सवका रूपमा स्थापित गरेको थियो । तर अहिले कृषि क्षेत्रमा मेसिनको प्रयोग बढ्नु, युवाहरू वैदेशिक रोजगारी र शहरतर्फ पलायन हुनु तथा श्रमिक अभावका कारण सामूहिक रोपाइँको चलन घट्दै गएको छ । धान रोप्दा गाइने असारे गीत रोपाइँमा दिनभर थाकेको बाउसे र रोपाराहरू एकअर्कामा हिलो छ्यापछ्याप गरी गीत गाउँदै दु:ख कष्ट र थकाइ बिर्सने गर्दथे । खेतका गह्रा, खोलानाला र खहरेबाट झरेको पानीको छङ्छङ आवाजसँगै असारे भाका गाउँदा सुन्नेहरू पनि लट्ठ पर्ने गर्दथे । तर ती दिनहरू अब इतिहास नै बनेका छन् ।

## आकासे पानीमा निर्भर...

...इस्मा गाउँपालिका-६ चौरासी फाँटका अगुवा कृषक कृष्ण घिमिरेका अनुसार गत वर्ष असार १५ सम्म जिल्लाको सबैभन्दा ठूलो फाँट चौरासी फाँटमा ८० प्रतिशत धान रोपाइँ भएको थियो । यस वर्ष भने उक्त फाँटमा आईतबारसम्म करिब १५ प्रतिशत मात्रै रोपाइँ भएको छ । समयमै वर्षा नहुनु, सिँचाइको अभाव र रासायनिक मल सहज रूपमा उपलब्ध नहुनुले किसान समस्यामा परेको कृषक घिमिरेले बताए । धुर्कोट गाउँपालिका-६ सिस्तुङका किसान मेघनाथ अर्यालले पनि पर्याप्त पानीको अभावका कारण समयमा धान रोप्न नसकिएको बताए । यस वर्ष रोपाइँका लागि पानी नभएको कारण केही ढीला हुने उनले बताए । गुल्मीका अधिकांश धान उत्पादन हुने क्षेत्र अझै पनि आकाशे पानीमा निर्भर छन् । समयमै पर्याप्त वर्षा नहुँदा रोपाइँ ढिलो भएको र यसले यस वर्षको धान उत्पादनमा समेत असर पार्ने कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ । जिल्लामा बडिगाढ फाँट, चौरासी फाँट, सेरा, छल्दी, निस्ती, पनाहा, सुदी, खैरेनी, खर्ज्याङ, शान्तिपुर, मजुवा लगायतका फाँट राम्रो धान उत्पादन हुने क्षेत्रकारुपमा परिचय छ । *-रासस*

### खेलकुद समाचार

## दक्षिण अफ्रिकालाई हराउँदै क्यानडा क्वाटर फाइनलमा



**काठमाडौं,** असार १५/सहआयोजक क्यानडा दक्षिण अफ्रिकालाई १-० ले पराजित गर्दै पहिलो पटक फिफा विश्वकप फुटबलको अन्तिम १६ मा पुगेको छ । लस एन्जलसमा अइतबार राति स्टेफेन एउस्ताकियोले पेनाल्टी क्षेत्रको बाहिरबाट गरेको गोलसँगै क्यानडाले ऐतिहासिक जित हात पारेको हो । तेस्रोपटक विश्वकप खेलिरहेको क्यानडा यसअघि दुईपटक समूह चरणबाट बाहिरिएको थियो । क्यानडासँग पराजित भएसँगै दक्षिण अफ्रिकाले प्रिक्वार्टरफाइनल पुग्ने अवसर गुमाएको छ । क्यानडा समूह 'बी' मा दोस्रो भएर नकआउट चरणमा पुग्दा दक्षिण अफ्रिका समुह 'ए' बाट उपविजेता बन्दै नकआउट चरणमा पुगेको थियो । अब अन्तिम १६ मा क्यानडाले मोरक्को वा नेदरल्यान्ड्समध्ये एक टोलीसँग प्रतिस्पर्धा गर्नेछ । दक्षिण अफ्रिकाले समूह 'ए' को उपविजेताका रूपमा अन्तिम १६ पुगे पनि सोमबारको खेलमा अपेक्षित प्रदर्शन गर्न सकेन । क्यानडाले पहिलो खेलमा बोस्निया एन्ड हर्जगोभिनासँग एक-एक गोलको बराबरी खेल्यो । दोस्रो खेलमा कतारलाई ६-० गोलले पराजित गरेको क्यानडा अन्तिम खेलमा स्विट्जरल्यान्डसँग २-१ गोलले पराजित भएर उपविजेता हुँदै नकआउट चरणमा पुगेको हो ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्से दोहोरो अङ्कले गिरावट



**पाल्पा,** असार १५/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६ दशमलव ५४ अङ्कले ओरालो लागेर दुई हजार ६३२ दशमलव ९६ मा ओर्लेको छ । यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ८४ अङ्कले ओरालो लागेर ४५५ दशमलव ८३ मा सीमित भएको छ ।

कूल ३५१ कम्पनीको ७६ लाख ९९ हजार २२७ कित्ता शेयर रु दुई अर्ब ६७ करोड १८ लाख ३२ हजार ९६५ मा कारोबार भएको छ । आजको कारोबारपछि बजार पूँजीकरण रु ४५ खर्ब नौ अर्ब ५७ करोड ११ लाख ९५ हजार ९२४ बराबर रहेको छ । कारोबारका आधारमा ग्लोबल आइएमई बैङ्क शीर्ष स्थानमा छ । यस्तै सोपान फर्मासिटिकल्स, एनआरएन इन्फास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स र आँखु खोला जलविद्युत् कम्पनी शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार टक्सार पिलुवा खोला हाइड्रोपावर, याम्बलिङ हाइड्रोपावर, स्नो रिभर लिमिटेड, धौवागिरी लघुवित्त र नेपाल एसबिआई बैङ्कको ऋणपत्रका लगानीकर्ताले कमाएका छन् । यस्तै स्वाभिमान लघुवित्त, सोपान फर्मासिटिकल्स, एशियन हाइड्रोपावर, शिखर पावर डेभलपमेन्ट र कालिञ्चोक हाइड्रोपावरका लगानीकर्ताले भने गुमाएका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई